वीरगंज उद्योग वाणिज्य सङ्घको
३४ औं वार्षिक साधारणसभाको अवसरमा
अध्यक्ष श्री ओमप्रकाश सिकरिया ज्यूद्वारा
प्रस्तुत स्वागत मन्तव्य

यस समुद्घाटन सत्रमा पाल्नु भएका श्रीमान् प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथि ज्यू लगायत उपस्थिति सम्पूर्ण महानुभावहरुलाई संघको ३४औं वार्षिक साधारण सभामा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दै आफ्नो स्वागत मन्तव्य प्रस्तुत गर्न चाहन्छु ।

वीरगंज उद्योग वाणिज्य संघको आज सम्पन्न हुन गइरहेको ३४औं वार्षिक साधारण सभा हाम्रो आवधिक प्रक्रिया भएतापनि यसलाई हामीले औपचारिकता निर्वाह गर्नका लागि मात्र आयोजना गर्ने नभई यस सभाले हाम्रो विगतको समिक्षा, वर्तमानको मूल्यांकन र भविष्यको दिशा निर्देश गर्ने अवसरको रुपमा समेत हामीले लिएका छौं ।

पर्सेली अर्थकर्मीहरुका लागि आजको अवसर "उत्सव" को रुपमा रहेको छ । यस उत्सवलाई सार्थक र परिणाममुखी बनाउन यहाँहरुको गरिमामय उपस्थितिले थप ऊर्जा प्रदान मात्र गरेको छैन, हामी बीच विद्यमान सम्बन्धलाई अझ प्रगाढ र आत्मीय बनाएको हामीले अनुभूत गरेका छौं ।

पर्सा जिल्लाका उद्योगी व्यवसायीहरुको हकहित तथा उद्योग व्यवसायको संरक्षण र प्रबर्द्धन गर्ने उद्देश्यले वि.स. २००१ मा "वीरगंज कपडा व्यवसायी संघ" को स्थापना गरियो । पछि कपडा व्यवसायीहरुको मात्र संगठन भनिएको कारण अन्य क्षेत्रका व्यवसायीहरुलाई समेट्नका लागि "वीरगंज व्यवसायी संघ"को रुपमा रुपान्तरित भएको उक्त संस्था समयको गतिशील प्रवाहसँगै आफ्नो प्रभाव र क्षेत्रलाई विस्तार गर्दै जाने क्रममा वीरगंज व्यवसाय संघ पनि एउटा संकुचित र निश्चित क्षेत्रलाई मात्र सम्बोधन गर्ने संस्थाको रुपमा भएकोले पर्सेली अर्थकर्मीहरुको साझा भावना र चाहनालाई आत्मसात गर्दै हाम्रा अग्रजहरुले पर्साका समस्त उद्योगी व्यवसायीहरुको प्रतिनिधित्व गर्ने अभिष्ट लिएर वि.सं. २०२४ सालमा यसको नामाकरण "वीरगंज उद्योग वाणिज्य संघ" भएको हो । आफ्नो स्थापनाको गौरवपूर्ण ६६ वर्षको लामो इतिहास पार गर्दै आजको अवस्थासम्म आईपुग्दा यस संघले आफ्नो प्रभाव, भूमिका र पहुँचलाई स्थानीय स्तरदेखि

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन सफल भएको छ । जसका लागि हाम्रा अग्रजहरु प्रति आजको यस गरिमामय अवसरमा कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।

आफ्नो स्थापना कालदेखि नै यस क्षेत्रको उद्योग व्यवसायको विकास, उद्योगी व्यवसायीहरुको साझा चासो, आवाज र विचारलाई प्राथमिकतापूर्वक उठाउँदै आइरहेको मात्र नभई राष्ट्रिय अर्थतन्त्रलाई कसरी सबल र सुदृढ बनाउन सकिन्छ भन्ने तर्फ समेत आफ्नो समय खर्चिदै आइरहेको छ । संस्थागत सामजिक उत्तरदायित्वको बोधका साथ प्रसूतिगृह, शंकराचार्य द्वार, बाल विकास केन्द्र निर्माण लगायत शिक्षा, खेलकूद, साहित्य, संस्कृतिको प्रबर्द्धनमा समेत सहयोग पुऱ्याउँदै आएको कुरा उल्लेख गर्न चाहन्छु ।

त्यसै गरेर हामीले समयको गति सँगसँगै आफ्ना संस्थागत सम्बन्धलाई विहङ्गम बनाउने अठोटका साथ अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध विस्तार गर्न पनि सफल भएका छौं । यसले हामीलाई अन्तर्राष्ट्रिय स्तरमा भइरहेको विभिन्न औद्योगिक व्यापारिक क्रियाकलापहरु लगायत बदलिँदो समयमा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरुको भूमिका र दायित्व के हुने हो ? आफ्ना सदस्य प्रतिष्ठानहरुलाई दिइने सेवाका स्वरुप के कस्तो हुनुपर्छ र भूमण्डलीकरणको वर्तमान परिवेशमा हाम्रो जस्तो अत्यन्त गरीब राष्ट्रको नीजि क्षेत्रले आफ्नो प्रतिस्पर्धी क्षमतालाई कसरी अभिवृद्धि गर्न सक्छ भन्ने तथ्यको जानकारी हाँसिल गर्न समेत मद्दत हुने गरेको छ । सँगसँगै हाम्रो पहुँच र सम्पर्कको दायरा पनि फराकिलो हुँदै गइरहेकोबाट स्थानीय उद्योगी व्यवसायीहरु लाभान्वित भइरहेको हामीले महसुस गरेका छौं ।

कुनै पनि देशको आर्थिक विकास त्यस देशको उद्योग र व्यापारको विकासमा निर्भर गर्दछ र उद्योग व्यापारको विकास निजी क्षेत्रको सकृय सहभागिता र क्षमतामा भर परेको हुन्छ । निजी क्षेत्रको भूमिकालाई कसरी बढी भन्दा बढी राष्ट्र हितमा प्रयोग गर्न सकिन्छ, त्यस तर्फ राज्य संवेदनशील भएर लाग्नु पर्नेमा सो हुन नसकेको यथार्थबाट हामी सबै परिचित नै छौं ।

युगान्तकारी राजनीतिक परिवर्तनसँगै मुलुकले अंगिकार गरेको खुला र उदार अर्थ व्यवस्थामा उद्योग व्यापार फस्टाउने वातावरण सृजना हुने तर्फ विश्वस्त रहेका निजी क्षेत्र यताका दिनमा केही राजनीतिक दलहरुबाट मुलुकलाई आर्थिक रुपले समृद्ध र समुन्नत बनाउन निजी सम्पत्तिको राष्ट्रियकरणबाटै सम्भव छ भन्ने अभिप्रायका अभिव्यक्तिहरु सर्वाजनिक रुपमा प्रकट हुनाले अचम्मित र त्रसित बन्न पुगेका छन् । हामी २१ औं शताब्दीको प्रथम दशकमा विचरण गरिरहेको बखत १८ र १९ औं शताब्दीको राजनीतिक सोच र दर्शनबाट अभिप्रेरित भएर

लगानी र निजी सम्पत्तिको राष्ट्रियकरण गर्ने अभिव्यक्तिबाट देश विकासको परिकल्पना कदापि साकार हुँदैन । हामीले पटक पटक राज्य संचालकलाई भन्दै आइरहेका छौं, निजी क्षेत्रको भूमिकालाई संकुचित र निश्चित घेरा भित्र नराखेर फराकिलो र नीति निर्माण गर्ने थलोमा सहज र व्यापक पहुँचको वातावरण बनाउनु आवश्यक छ । "लगानी र निजी सम्पत्ति माथि कुनै पनि अतिक्रमण, हस्तक्षेप तथा राष्ट्रियकरण समेत हुन नसक्ने" संवैधानिक प्रत्याभूति हुनु पर्ने विषयमा यस संघको अटल धारणा रहिआएको छ । यसर्थ कुनै पनि नाममा निजि क्षेत्रको लगानी र सम्पतिलाई असुरक्षित हुन नदिने प्रत्याभूतिको निम्ति निजी सम्पत्ति माथिको अतिक्रमण र राष्ट्रियकरणलाई अब बन्ने संविधानले नै पूर्णतः प्रतिबन्ध लगाउने व्यवस्था समेत गरिनुपर्दछ भन्ने हाम्रो जोडदार माँगलाई संविधान सभाले संबोधन गर्ने विश्वास लिएका छौं ।

मुलुकले व्यहोरेको सशस्त्र द्वन्दको कहालीलाग्दो अवस्थाबाट पार पाउन राजनीतिका विभिन्न प्रयोगहरु हामीले गऱ्यौं । राजनीतिक मुद्दाहरुको अगाडि आर्थिक मुद्दाहरुले महत्व नपाउदा राजनीतिलाई स्थिरता प्रदान गर्ने प्रमुख कडीको रुपमा रहेको आर्थिक पक्ष ओझेलमा पऱ्यो र त्यसकै फलस्वरुप आज सम्म पनि अपेक्षित आर्थिक उपलब्धी हासिल गर्ने तर्फ हामी पछि परेका छौं । द्वन्दकालमा झैं निजी क्षेत्रलाई दोहन गर्ने क्रियाकलापले अझ पनि निरन्तरता पाइरहेको हुँदा द्वन्दकालका अवशेषहरु उद्योग व्यवसाय, कलकारखाना, पर्यटन, सेवा लगायतका क्षेत्रहरुमा आज पनि विद्यमान रहेको दुखःद कथाहरु कसैबाट लुकेको छैन । समग्रमा विगतका असान्दर्भिक सोच र दर्शनलाई त्यागेर नयाँ वैश्वीक आर्थिक परिवेश अनुकूल सरकारी र निजी क्षेत्र बीचको साझेदारीलाई सिद्धान्तमा होइन, व्यवहारमा अनुवाद गरेर निजी क्षेत्रको भूमिकालाई निर्बाध तवरबाट अघि बढाउन सबै पक्ष सकारात्मक भएर अघि बढ्न सके मात्र राष्ट्रले राखेको अपेक्षित आर्थिक वृद्धि दर हासिल गर्न सकिन्छ ।

नेपाल दुई वटा ठूला अर्थतन्त्र भएको राष्ट्रको मध्य भागमा अवस्थित भएर पनि आर्थिक विकासका प्रचुर सम्भावना र अवसरबाट वञ्चित हुनु परेको छ । हामी दुई ठूल्ठूल्ला छिमेकी भारत र चीनले हाँसिल गरेको द्रूत आर्थिक विकासको चर्चा गरेर त थाक्दैनौं तर ती छिमेकीहरुले कसरी यस्तो विकास गर्न सफल भए भन्ने विषयमा गहन विश्लेषण गर्दै तदनुरुप आफूलाई रुपान्तरित गर्न भने उदासिन रहन्छौं । यस तर्फ हामीले कहिल्यै पनि गम्भीर भएर चिन्तन गरेनौं । नयाँ नेपाल निर्माण गर्ने क्रममा त्वरित रुपमा अघि बढि रहेका राजनीतिक दलहरु दलगत स्वार्थ भन्दा माथि उठ्ने प्रयत्न नगर्ने र निजी क्षेत्र पनि "राजनीतिक सोपान" बाटै आफ्नो आर्थिक उन्नति हुन सक्छ भन्ने मानसिकतालाई त्याग्न नसक्ने हो भने मुलुकले खोजेको आर्थिक उपलब्धी हासिल हुन सक्ने छैन । अब यस किसिमको साघुरो सोच र

चिन्तनबाट देशको विकास सम्भव नहुने भएकोले हाम्रा छिमेकी राष्ट्रहरु सँग राजनीतिक सम्बन्धलाई सुमधुर, समयानुकुल र वैज्ञानिक बनाउँदै आर्थिक सम्बन्धलाई थप प्रगाढ र स्व-हीतमा रुपान्तरण गर्नुपर्ने आवश्यकता यति खेर बढेर गएको अनुभूति हामीले गरेका छौं ।

जुन बेला विश्वका विकसित राष्ट्रहरु वैश्वीक आर्थिक मन्दीको प्रभावमा पिल्सी रहेका थिए, त्यस बखत हामी खासै प्रभावित भएका थिएनौं । अर्थात् मन्दीले हाम्रो मुलुकलाई आफ्नो प्रभाव क्षेत्रमा राख्न सकेको थिएन । तर विडम्वना आज ती राष्ट्रहरु मन्दीको चपेटाबाट क्रमशः बाहिरी रहेको बेला हाम्रो देश भने नजानिदो तवरले आर्थिक संकट तर्फ उन्मुख भइरहेको छ । यसलाई समयमैं सरोकारवालाहरुले नसोच्ने हो भने मुलुकले ठूलो आर्थिक दुर्घटना व्यहोर्नु पर्ने तथ्यलाई नकार्न सकिदैन ।

कुनै बेला थोरै परिमाणमा भए पनि हामीले निर्यात गर्ने कृषिजन्य उत्पादन आज बाह्य राष्ट्रहरुसँग खरिद गर्नु परेको छ भने यस काल खण्डमा हामीसँग बिक्री गर्नका लागि "विपन्नता" बाहेक केही छैन । यो कहालीलाग्दो आर्थिक चित्रले के सन्देश दिई रहेको छ त्यो आफैमा एउटा छुट्टै बहस र मिमांशाको विषय बन्न पुगेको छ । गत दुई साता अघि मात्र विश्व बैंकले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले नेपाली उद्योगको स्थिति निराशाजनक रहेको तथ्य सार्वजनिक गरेको छ । प्रतिवेदनले मुलुकका ४ प्रतिशत उद्योगले मात्र निर्यात गरिरहेको तथ्यांक सार्वजनिक गर्दै राजनीतिक अस्थिरता, विद्युत र ढुवानी उद्योग व्यवसायका मुख्य बाधक रहेको जनाएको छ । त्यसैगरी प्रतिवेदनले लगानी बढ्न नसकेको र त्यसको मुख्य कारक तत्व भनेको ६२ प्रतिशत राजनीतिक अस्थिरता तथा २७ प्रतिशत विद्युत् कटौती रहेको छ । साथै हालसम्म नेपाली उद्योगमा एक प्रतिशत मात्रै विदेशी लगानी रहेको देखाएको छ । यसले पनि हाम्रो उद्योग व्यवसाय कता जाँदैछ र भोलिका दिनहरु हाम्रा लागि कति असहज हुने छन् भन्ने कुराको अनुमान गर्न सकिन्छ ।

आज विश्वका हरेक राष्ट्र आ-आफ्नो आर्थिक विकास कसरी हुन्छ भन्ने तर्फ चिन्तित भएर लागेका बखत हामी फगत राजनीतिक विवादहरुमा अल्झेर आफ्नो महत्वपूर्ण समय खर्चि रहेका छौं । हो, हामी निजी क्षेत्रका उद्यमी व्यवसायीहरुलाई पनि के विश्वास छ भने, लोकतन्त्रमा नै राज्यको उन्नति सम्भव छ र लोकतन्त्रको स्थायित्वका लागि आर्थिक क्रान्ति अपरिहार्य छ ।

अहिले हामी इतिहासको एउटा जटिल मोडमा उभिएका छौं । यो मोडबाट सुरक्षित रुपले अघि बढन सके राजनीतिक, आर्थिक र सामजिक रुपान्तरणका थुप्रै सम्भावनाहरु हाम्रो सामु छन भने दुरदर्शिता नहुँदा दुर्घटना हुने जोखिमहरु पनि उत्तिकै छन् । राष्ट्रलाई आर्थिक रुपले विकसित

बनाउन नीजि क्षेत्रको भूमिका अपरिहार्य रहेको कुरा विश्वभरीको अनुभवले सिद्ध गरी सकेको छ । हामीले पनि यदि कुनै आर्थिक चमत्कार गर्ने सपना लिएका छौं भने नीजि क्षेत्रलाई प्रस्फुटित हुने अनुकूल वातावरण उपलब्ध गराउन आवश्यक छ । नीजि क्षेत्रलाई सबै खाले भय, आतंक र असुरक्षा र कानून विहिनताको छायाबाट मुक्त राखी शान्तिपूर्वक र आत्मसम्मानका साथ व्यापार व्यवसाय गर्ने वातावरण निर्माण गर्नु नितांत खाचो छ । नीजि क्षेत्र, सरकार, राजनैतिक दल समेतलाई हातेमालो गरेर अघि बढन समयले निकै दबाव दिइरहेको छ । तसर्थ आज खुला रुपले आव्हान गर्दछौं कि "आर्थिक कान्तिको लागि हातेमालो गरौं" । यस यात्रामा सबैको हार्दिक र अर्थपूर्ण सहयोग अपेक्षित छ । नीति निर्माण र कार्यान्वयन तहमा हाम्रो प्रभावकारी भूमिका हुने हो र निजी क्षेत्रमाथि राष्ट्रले विश्वास गर्ने हो भने आर्थिक विकासको फराकिलो मार्गमा प्रवेश गर्न समर्थ हुने कुरामा हामी विश्वस्त छौं । यसै स्वागत मन्तव्य प्रस्तुत गर्न प्राप्त अवसरलाई उपयोग गर्दै निजि क्षेत्रका मूलभूत सवालहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) **वीरगंज चक्र पथ** : चक्र पथको अभावमा वीरगंज नगरको स्वभाविक विकास बाधित हुन पुगेको तथ्य हामी सवैका सामु छर्लङ्ग छ । यस चक्रपथ निर्माणको निम्ति लाग्ने खर्च धेरै हद सम्म त्यसको जग्गा प्लटिङ्गबाट उठाउन सकिने सम्भावना रहेको छ । यसबाट ग्रामीण क्षेत्रका जग्गाहरुको मोल समेत बढन गई ग्रामीण जनताहरुलाई पूँजी निर्माणमा सघाउ पुग्ने छ । वीरगंजमा चक्रपथ निर्माणबाट यस क्षेत्रको स्व-स्फूर्त विकासलाई गति प्राप्त हुने छ भन्ने यस संघको विश्वास यस गरिमामय उपस्थिति माझ व्यक्त गर्न चाहन्छु ।

२) **विशेष आर्थिक क्षेत्र (SEZ)** : विगत लामो समयदेखि बारामा SEZ स्थापनाको कुरा उठदै आएको भएतापनि यसको कार्यान्वयन पक्ष एकदमै कमजोर रहेको छ । SEZ संचालनको लागि गठित समितिमा वीउवासंघको समेत प्रतिनिधित्व हुनु पर्ने आवश्यकता छ । साथै **विशेष आर्थिक क्षेत्र (SEZ)** संगसंगै एक विशेष आर्थिक पैकेज पनि ल्याउनु पर्दछ जसले यस क्षेत्रमा सेलाउन पुगेको औद्योगिकरणको गतिलाई तिव्रता प्रदान गर्न सकोस् । यस विषयमा नेपाल सरकारवाट शीघ्र पहलकदमीको प्रतिक्षामा यो संघ रहेको छ ।

३) **अलौं वीरगंज एकीकृत भंसार चौकी** : आयात निर्यात व्यापारको परिमाणमा निरंतर भई रहेको वृद्धिको कारण वीरगंज रक्सौल स्थित नेपाली र भारतीय भंसारको भौतिक संरचना अपर्याप्त भएको अनुभूति हुदैं आएको छ । आसपास भएको बस्ती विकासका कारण साबिककै ठाउँहरुमा वर्तमानमा रहेको भौतिक संरचनामा समयानूकूल सुधार हुन पनि

कठिन छ । अतः प्रस्तावित अलौ-वीरगंज एकिकृत भंसार चौकीले यो समस्याको धेरै हद सम्म संबोधन गर्ने विश्वास निजी क्षेत्रले लिएको छ । तर सो चौकीको डिजायनिङ्गमा सेवाग्राहीको रुपमा हाम्रो सरसल्लाह लिने काम भएको छैन । सो मा हाम्रो सर-सल्लाह दिन हामी तत्पर छौं । साथै अलौं वीरगंज एकिकृत भंसार चौकीको निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्न सम्बद्ध पक्षसंग यसै सभा मार्फत अनुरोध गर्न चाहन्छौं ।

४) **वीरगंज भंसार क्षेत्रको भौतिक पूर्वाधार** : वीरगंज भंसारबाट राष्ट्रिय ढुकुटीमा प्रतिदिन ९ करोड भन्दा बढीको राजश्व आई रहेको र भंसार क्षेत्रमा रहेको भौतिक पूर्वाधार सारै जीर्ण अवस्थामा भएको कारण अत्यधिक जाम भई भंसार जाँच पासमा कठिनाई हुनुका साथै आम नागरिकलाई समेत असहज स्थिति उत्पन्न हुने गरेकोले भंसार क्षेत्रमा भौतिक पूर्वाधारका लागि आवश्यक बजेट विनियोजनको व्यवस्था आवश्यक रहेको छ । यो सुझावलाई सकारात्मक रुपमा ग्रहण गरिने आशा लिएको छु ।

५) **बीरगंजमा तरकारी बजारको स्थापना** :- तरकारी खेतीको लागि सर्वाधिक उर्वर भूमि रहेको बारा-पर्सामा उब्जनी हुने तरकारीहरु बीरगंज बजारमा नै एकत्रित भई विक्रि वितरणको लागि नेपाल अधिराज्य भरी पठाईने गरिन्छ । तर बीरगंजमा एक सुव्यवस्थित तरकारी बजारको स्थापना हालसम्म पनि हुन सकेको छैन । गत आर्थिक बर्षमा तरकारी बजार सेड निमार्ण तथा सुविधा विकासका लागि केही रकम विनियोजन भएतापनि स्थानिय निकायले गरेको असहयोगको कारण सो बजारको निर्माण कार्य प्रारम्भ हुन नसकेको हुँदा बीरगंजमा एक सुव्यवस्थित थोक तरकारी बजारको स्थापनाको निम्ति सम्बन्धित निकायबाट पुनः ठोस पहल हुन माग गर्दछ ।

६) **वीरगंज-ठोरी-चितवन लोक मार्गको निर्माण** : वीरगंजदेखि ठोरी हुँदै चितवनसम्म जाँदा ५६ कि.मि. दूरी पर्दछ । जबकि वीरगंज-हेटौंडा हुँदै चितवनसम्म ५२ + ७८ = १३० कि.मि. पर्दछ । वीरगंज क्षेत्रमा औद्योगिक विकासको लागि वीरगंज-ठोरी-चितवन मार्गको ठूलो भूमिका रहेको छ । किनकि वीरगंज मित्र राष्ट्र चीनसँग जोड्ने वीरगंज-ठोरी-चितवन-नुवाकोट हुँदै रसुवाको स्याप्रवेशीबाट चीन प्रवेश गर्ने सबैभन्दा उपयुक्त र छोटो बाटो रहेको छ । यसरी स्याप्रवेशीबाट सिधा र सबैभन्दा कम दूरीमा वीरगंजसम्म पुग्ने भएकोले भारत + नेपाल + चीनको व्यापारिक मार्गको रुपमा विकसित गर्न संघ यो मार्गलाई राष्ट्रिय महत्वको मार्ग घोषित गरी तत्काल निर्माण कार्य शुरु गर्न नेपाल सरकारलाई अनुरोध गर्दछ ।

७) **<u>कबाडी कर उन्मूलन पश्चातको समस्या</u> :** निजी क्षेत्रको माँगलाई सम्बोधन गर्दै सरकारबाट कबाडी कर उन्मूलन गरिए तापनि जिल्ला विकास समितिको कार्यालयसंग सम्बन्धित रहेका ठेकेदारहरुले कृषि सेवा, जिल्ला निकासी र सवारी कर, शुल्क आदिको नाममा ऐनले नतोकेको वस्तुहरुमा जिल्ला पिच्छे बलपूर्वक अवैध कर संकलन गर्ने काम अझै जारी राखेका छन । ठेकेदारहरुले ज्यादती गरी कर/शुल्कको नाममा संकलन गरी रहेका रकम सरकारी ढुकुटीमा गइरहेको छैन । अतः कृषि सेवा शुल्क र निकासी शुल्क समेत उन्मूलन हुनुपर्ने अथवा गैरकानूनी ढङ्गले असुल गर्न नपाउने गरि व्यवस्थित गर्नका लागि संघ नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

८) **सडकमा ढाट राखी संकलन गरिने अवैधानिक चन्दा करको पीडा :** लोकमार्गहरुमा विभिन्न नामधारी संघ संस्थाहरुबाट विभिन्न नाममा अवैध चन्दा कर संकलन भई रहेको र यसबाट आन्तरिक व्यापारमा बाधा व्यवधान खडा भई रहने देखिएकोले देशमा कहीं कतै पनि यस प्रकारको चन्दा उठी रहेको सूचना प्राप्त भए कडा कारवाही गर्ने प्रयोजनका लागि अधिकार सम्पन्न केन्द्रिकृत प्रहरी संयन्त्र खडा गरिनु पर्ने यस संघको माँग रहेको हुदा अविलम्व कार्यान्वयन हुने अपेक्षा गर्नु अस्वाभाविक हुने छैन ।

९) **प्रभावकारी शान्ति सुरक्षा :** वीरगंज शहर एवं वरपरका क्षेत्रका उद्यमी/व्यापारीहरुको हत्या, अनेक नाममा भई रहेको हिंसा, फोन आंतक, डर र त्रासले सृजना गरेको काहाली लाग्दो वातावरणमा उद्यमी व्यवसायीहरुले बाँच्नु पर्ने दुःखद अवस्था रहेको छ । वीरगंज उद्योग वाणिज्य संघको खर्चमा विशेष कार्यदल समेत परिचालन भए पनि सरकारबाट अपेक्षित सहयोग, समन्वय एवं प्रष्ट निर्देशनको अभावमा शान्ति सुरक्षाको अवस्थामा सुधार हुन नसकी सधै भरी उद्यमी व्यापारीहरुले चरम असुरक्षा र अशान्तिका बीच उद्योग व्यवसाय संचालन गर्नु परिरहेको यथार्थलाई निरन्तर सम्वन्धित निकाय समक्ष उठाउदै आएका छौ । हाम्रो निरन्तर प्रयासको बावजुद शान्ति सुरक्षामा तात्विक सुधार आयो आएन सवैका अघि प्रस्ट छ । तसर्थ उद्योगको सुरक्षा व्यवस्थाका लागि उद्योग मंन्त्रालयबाट आर्थिक दायित्व वहन गर्ने गरी प्रभावकारी व्यवस्था हुने हो भने उद्यमीहरुको प्रतिस्पर्धात्मक क्षमता समेत अभिवृद्धि हुने तथ्य अवगत गराउन चाहन्छौं ।

१०) **व्यापार प्रयोजनको लागि ट्रेड मार्क दर्ता गर्न पाउनुपर्ने <u>:</u>** विकसित अर्थतन्त्रहरुमा बिकेताहरुले आफ्नै ब्राण्डबाट उत्पादनकर्ताबाट वस्तु उत्पादन गराई मार्केटिङ्ग गर्ने काम गर्ने गरेका छन् । यस कार्यले कलान्तरमा बिक्रेतालाई आफ्नै उत्पादन इकाई खोल्ने क्षमता प्रदान गर्दछ । तर हाल हामी कहाँ उत्पादन गर्ने निकायले मात्र आफ्नो ब्राण्ड (ट्रेड मार्क) दर्ता गराउने प्रावधान रहेको छ । आफूले कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग गराएर

मार्केटिङ्ग गर्न चाहने बिक्रेताहरुलाई ट्रेड मार्क दर्ता गर्ने सहुलियत प्राप्त हुने गरी ट्रेड मार्क ऐनमा आवश्यक परिमार्जन गरिनु पर्दछ ।

११) **विशाखापटनम पोर्टबाट सामान आयात सम्बन्धमा** : नेपालका प्रधानमन्त्री ज्यूको भारत यात्राको क्रममा विशाखापटनम पोर्टबाट नेपाली आयातकर्ताहरुले सामान आयात गर्न पाउने सैद्धान्तिक सहमति भएको थियो । तर सोको लागि विशाखापटनम पोर्टमा भारतीय कस्टमलाई भारतको केन्द्रिय निकायबाट उपयुक्त निर्देशन हाल सम्म प्राप्त नभएकोले विशाखापटनम पोर्टबाट सामान आयात गर्ने प्रक्रिया व्यवहारमा उतार्न सकिएको छैन । अतः यस सम्बन्धमा भारतीय समकक्षी (काउन्टर पार्ट) सँग समन्वय गरी नेपालको लागि विशाखापटनम पोर्टलाई शुरु गराउन प्रभावकारी भूमिका खेल्न आग्रह गर्दछौं ।

१२) **साना करदाताको लागि न्यूनतम रु.५०००।- को कर घटाउनु पर्ने** : साना करदाताको लागि तोकिएको न्यूनतम रु.५०००।- बुझाउनुपर्ने प्रावधान साना व्यवसायीहरुलाई असजिलो हुन गएको छ । यसलाई साविकसरह रु.२०००।- नै कायम हुन आवश्यक रहेको छ ।

१३) वीरगंजमा प्राविधिक तथा औद्योगिक प्रशिक्षण विकास केन्द्रको स्थापना : बारा/पर्सा क्षेत्रमा ठूला, मझौला, साना र घरेलु प्रकृतिका गरी झण्डै ७०० को संख्यामा उद्योगहरु स्थापित रहेका छन । तर यी उद्योगको लागि आवश्यक पर्ने प्राविधिक दक्ष जनशक्तिको स्थानिय स्तरमा अभाव रहेकोले बाहिरबाट दक्ष जनशक्ति ल्याउनु पर्ने बाध्यता रहेको छ भने सीपको अभावमा स्थानिय जनशक्ति समेत बेरोजगार हुने गरेको हुँदा उद्योगको आवश्यकता बमोजिमको दक्ष जनशक्ति उत्पादनको बीरगंजमा प्राविधिक तथा औद्योगिक प्रशिक्षण केन्द्रको स्थापना हुन पर्दछ भन्ने संघको प्रस्तावलाई मूर्त रुप दिन नेपाल सरकार समक्ष अनुरोध गर्दछ ।

१४) वीरगंज कृषि अनुसन्धान केन्द्र/कृषि विश्वविद्यालयको स्थापना : धान, गहुँ, दलहन, तेलहन, उखु, मत्यस्य तथा पशुपालनको लागि बारा/पर्सा/रौतहट क्षेत्र अति उपयोगी रहेको र यस क्षेत्रमा उत्पादित उक्त बस्तु नेपाल भरी बिक्रि वितरण हुनुका साथै कतिपय बस्तु विदेश निकासी समेत हुने गरेकोले छ । साथै यस क्षेत्रमा कृषि बालि, कृषि औजार सम्बन्धि कतिपय अनुसन्धान र उत्पादन केन्द्र बन्द तथा निष्क्रीय अवस्थामा रहेकाले यस क्षेत्रको कृषिको उद्योगको रुपमा विकास हुन सकेको छैन । अतः पराम्परागत कृषिलाई औद्योगिक कृषिको रुपमा विकास गर्न बीरगंजमा सक्षम कृषि अनुसन्धान केन्द्र/कृषि विश्वविद्यायलयको स्थापना हुन संघ सरकार समक्ष प्रस्ताव राख्दछ ।

१५) **वीरगंजमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र स्थापना :** बीरगंजको घण्टाघर नजिक रहेको विगतको नेपाल रेल्वेको जग्गा बीरगंज उप-महानगरपालिकाले खरिद गरे पश्चात सो जग्गामा नेपाल र मित्र राष्ट्र भारतको सहयोगमा अन्तर्राष्ट्रिय स्तरको सम्मेलन केन्द्र निमार्ण गर्ने सहमति भईसकेको र सो सम्मेलन केन्द्रको नामाकरण सम्बन्धमा केही कुरा नमीली रहेको कारण निर्माण कार्य रोकिएको बुझिन आएको हुँदा बीरगंजको स्तरोन्नति तथा विकासको लागि आवश्यक रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माणको क्रममा देखिएका व्यावधानलाई तत्काल नै निरुपन गरी निर्माण कार्य तत्काल थालनी गर्न संघ नेपाल सरकारमा आग्रह गर्दछ ।

१६) **फास्ट ट्र्याक निर्माण :** निर्माणको प्रारम्भिक अवस्थामा रहेको निजगढ - राजधानी जोड्ने फास्ट ट्र्याक भविष्यमा भारत - चीन बीचको व्यापारिक मार्गको रुपमा प्रयोग हुने र छोटो दुरीको सडक भएकोले भविष्यमा बढन सक्ने सवारीको चापलाई समेत अनुमान गरी सो सडक फोरलेन सडकको रुपमा निर्माण हुनु पर्दछ भन्ने संघको सुझावलाई ग्रहण गर्न नेपाल सरकार समक्ष अनुरोध गर्दछ ।

१७) **वीरगंजमा राजश्व न्यायाधिकरणको स्थापना** : वीरगंज देशको बढी राजश्व संकलन हुने ठाँउ भएकोले वीरगंज र वरपरका शहरका करदाताहरुलाई समेत न्यायमा समान र सहज पहुँच पुऱ्याउन वीरगंजमा राजश्व न्यायाधिकरणको स्थापना गरिनु पर्दछ भनि यस संघले विगत देखि हालसम्म पनि सरोकारवालाहरुको ध्यानाकर्षण गराउदै आएको सन्दर्भमा यो अवसर छोप्दै पुनः ध्यानाकर्षण गराउन चाहन्छु ।

१८) **ठूला करदाताको सीमा बढाउनु पर्ने :** वीरगंजमा अनेक ठूला करदाताहरु छन् । उनीहरुलाई आफ्नो कर विवरण दाखिला र निर्धारण आदि सबै कामको लागि राजधानी स्थित एक मात्र ठूला करदाता कार्यालयमा धाउनु पर्ने बाध्यता रहेको छ । यो स्थिति विकेन्द्रिकरणको नीति विपरित हुनुका साथै यसले ठूला करदातालाई अनावश्यक रुपमा कठिनाई श्रृजना गरिदिएको छ । अतः हाल कायम रहेको ठूलो करदाताको सीमालाई दोब्बर गरेर यो समस्यालाई केही हदसम्म निराकरण गर्न सम्बन्धित निकायलाई अनुरोध गर्न चाहन्छु ।

१९) **सडक बन्द हडतालबाट मुक्ति :** नेपाल सरकारको यस आ.ब.को बजेट वक्तव्य मार्फत आएको तेश्रो पक्ष दायित्वको बीमा सम्बन्धी प्रावधानबाट सडक दुर्घटना पछि हुने बन्द हडताललाई नियन्त्रित गर्न निश्चित रुपमा मदत पुगेको र पुग्ने देखिएको छ । तर अन्य

मुलुक जस्तो प्रहरी चेक पोष्टहरुबाट सवारी धनीले तेश्रो पक्ष बीमा गराए नगराएको चेक जाँच नगरिने हुनाले यो योजना प्रभावकारी रुपबाट लागु हुन सकेको छैन । यस प्रावाधानलाई प्रभावकारी रुपबाट लागु गराई सडक दुर्घटनाको कारण हुने बन्द हडतालको पीडालाई अन्त्य गर्न सम्वन्धित सवैमा अनुरोध गर्दछौं ।

२०) **कबाडी कर उन्मूलन पश्चातको समस्या** : निजी क्षेत्रको माँगलाई सम्बोधन गर्दै नेपाल सरकाबाट विगत बजेटबाट कबाडी कर उन्मूलन गरिएपछि निजी क्षेत्रले राहत महसुस गरेको थियो । तर जिल्ला विकास समितिको कार्यालयसंग सम्बन्धित रहेका ठेकेदारहरुले कृषि सेवा, जिल्ला निकासी र सवारी कर शुल्कको नाममा ऐनले नतोकेको वस्तुहरुमा जिल्ला पिच्छे मनोमानी र बलपूर्वक अवैध कर संकलन गर्ने काम अझै जारी राखेको अवस्थाले निजी क्षेत्रलाई पिरोली रहेको तथ्य यस सभा समक्ष राख्न चाहन्छु । ठेकेदारहरुले ज्यादती गरी कर शुल्कको नाममा संकलन गरी रहेको रकम सरकारी ढुकुटीमा गई रहेको छैन भन्ने तथ्य प्रति सरोकारवालाको ध्यान जाने आशा राख्नु निरर्थक ठहरिने छैन । तसर्थ कृषि सेवा शुल्क र निकासी शुल्क समेत उन्मूलन अथवा गैर कानूनी ढङ्गले असुल गर्न नपाउने गरि व्यवस्थित गर्नु नितान्त आवश्यक भैसकेको तर्फ उपस्थित महानुभावहरुको ध्यानाकर्षण गर्न चाहन्छु ।

२१) **दोहोरो करको खारेजी** : मूल्य अभिवृद्धि कर वस्तु एवं सेवा दुबैमा लाग्ने भएकोले दूरसंचार, वैदेशिक रोजगार एवं स्वास्थ्य सेवामा लगाइएको सेवा कर खारेज हुनु न्यायोचित हुँदाहुँदै पनि धेरै प्रकारका करले राजश्व संकलन खर्च बढनुका साथै करदातालाई समेत झण्झट र जटिलता थपी दिएको छ । अतः यस प्रकारका दोहोरो करको खारेजीको माग संवोधन हुने आशा निजी क्षेत्रले लिएको छ ।

२२) **मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागु गर्नु पर्ने** : हाल सबै प्रकारको वस्तुमा एकै प्रकारको मु.अ.कर दर हुनु सामाजिक न्याय सिद्धान्त विपरीत छ । तसर्थ मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागु गरेर अत्यावश्यक उपभोग्य वस्तुहरुमा कम दरको मु.अ.कर लागु गरिनु पर्दछ भन्ने यस संघको जोडदार मांग रहदै आएको तथ्य पनि पुन स्मरण गराउन चाहन्छु ।

२३) **भारत निर्यातको लागि वस्तुहरु सिफारिस गर्न वीरगंजमा टेक्नीकल सब-कमिटीको स्थापना** : पर्सा-बारा जिल्लाबाट भारत तर्फ सर्वाधिक निकासी हुने गरेको सर्वविदितै छ । तर निकासीकर्ताहरुले सामान निकासी गर्न काठमाण्डौं स्थित नेउवामहासंघको टेक्नीकल सब-कमिटीबाट काम कारवाही गराउनु पर्दा धेरै अप्ठ्यारो परिरहेको मात्र होइन कि

निकासीकर्ताहरु हतोत्साहित समेत भईरहेका छन् । तसर्थ हाल केन्द्रमा रहेको Technical Committee को एउटा Sub-Committee वीरगंजमा उद्योग वाणिज्य संघ अर्न्तगत गठन गरि निकासीका लागि गरिने सम्पूर्ण प्रक्रियागत विषयहरु सो समितिबाट गराउने व्यवस्था हुनु आवश्यक भैसकेको छ ।

२४) **निर्यातमा आयकर छुट** : भारतसँगको व्यापार घाटा वर्षेनी बढी रहेको परिप्रेक्ष्यमा निर्यात अभिवृद्धि गरी व्यापार घाटालाई न्यून पार्न सकिने भएकोले निर्यातकर्ताहरुलाई प्रोत्साहित गर्न निर्यातबाट प्राप्त आम्दानीमा आयकर छुट हुनुपर्ने संघको माँग रहेकोले त्यस तर्फ गम्भीरतापूर्वक कदम उठाइने आशामा निजी क्षेत्र प्रतिक्षारत छ ।

२५) **निकासी गर्ने उद्योगलाई कच्चा माल पैठारी गर्दा मूल्य अभिवृद्धि कर बापत बैंक ग्यारेन्टी सुविधा प्रदान गरिनु पर्ने** : कच्चा माल पैठारी गरी तयारी माल निकासी गर्ने उद्योगहरुलाई निशर्त रुपमा मू.अ.कर वापत बैंक ग्यारेन्टीको आधारमा कच्चा माल पैठारी गर्ने सुविधा प्रदान गरिनु पर्दछ ।

२६) **निकासीमा विशेष अनुदान** : निकासीबाट विदेशी मुद्रा आर्जन हुने र व्यापार घाटा पनि कम हुने भएकोले देशमा उत्पादित वस्तुको निर्यात प्रवर्द्धन गर्न निकासी हुने वस्तुमा विशेष अनुदानको व्यवस्था हुनु पर्ने यस संघको माँग संवोधन हुने आशा लिएको छु ।

२७) **निकासीमा शुल्क नलगाउने** : विभिन्न मुलुक संग रहेको हाम्रो व्यापार असंतुलनलाई न्यून गर्न निकासी व्यापारलाई प्रोत्साहित गर्नु अपरिहार्य रहेको छ । अतः निकासी गर्दा लाग्ने निकासी शुल्क लाई शुन्य अथवा न्यूनतम राख्ने विषयमा नेपाल सरकारको ध्यानाकृष्ट हुन आवश्यक छ ।

२८) **निकासीको माल लोड गर्ने भारतीय ट्रकहरुको निःशुल्क प्रवेश** : भारत तथा तेश्रो मुलुकको सामान लोड गर्न आउने भारतीय ट्रकहरुलाई ७२ घण्टाको निःशुल्क प्रवेशको व्यवस्था गर्न आवश्यक रहेको व्यहोरा अनुरोध गर्न चाहन्छौं ।

२९) **वीरगंज- पथलैया कोरिडोरलाई औद्योगिक कोरिडोरको रुपमा मान्यता** : वीरगंज पथलैया कोरिडोरमा हजार भन्दा बढि संख्यामा उद्योगहरु स्थापित छन् । नेपाल सरकारले हाल सम्म पनि यसलाई औद्योगिक कोरिडोरको रुपमा मान्यता प्रदान नगरेबाट यस क्षेत्रमा पूर्वाधारको अभाव रहेको छ । सरकारले शान्ति सुरक्षा, विद्युत आपूर्ति, श्रम समस्या समाधान, संचार सुविधा, बैकिङ्ग सेवा जस्ता कुराको लागि कुनै पहल गरेको नदेखिएकोले वीरगंज-पथलैया औद्योगिक कोरिडोर राष्ट्रिय प्राथमिकतामा पर्न सकेको छैन । तसर्थ

वीरगंज-पथलैया औद्योगिक कोरिडोरका रुपमा मान्यता दिलाउन आ-आफ्नो स्थानवाट रचनात्मक सहयोग र समर्थनका लागि उपस्थित महानुभावहरु समक्ष अनुरोध गर्दछौं ।

३०) **चर्को व्यवसाय कर** : वीरगंज उपमहानगरपालिकाले विगत वर्षदेखि नै व्यवसाय करमा अप्रत्याशित रुपले बृद्धि गरेकोबाट उद्यमी व्यवसायीहरुलाई साऱ्है नै मर्का परिरहेको सन्दर्भमा संघले करको दर कम गरी कर असुली बढी हुन सक्ने धारणा प्रस्तुत गर्दै समयानुकूल संशोधनको अपेक्षा राखेको छ ।

३१) **क्रसर उद्योग माथि भई रहेको नकारात्मक प्रचार** : नेपालका क्रसर उद्योगहरुमा ४० अर्ब लगानी भएको छ र यसले १ लाख भन्दा बढी मानिसहरुलाई प्रत्यक्ष अप्रत्यक्ष रोजगारी दिएको छ । हालका दिनहरुमा क्रसर उद्योगले पर्यावरण बिगारेको भन्ने कतिपय मिडियावाट भैरहेको एकपक्षीय प्रचारको कारण कहिले एउटा त कहिले अर्को सरकारी निकायले क्रसर उद्योग बन्द गराउने आदेश/निर्देशन जारी गर्दै आएको छ । यसले गर्दा क्रसर उद्योगीहरु साऱ्है मर्कामा परेका मात्र नभई बैक र निजी लगानी डुब्ने र त्यसको अर्थतन्त्रमा धेरै ठूलो प्रतिकूल असर पर्ने लक्षण समेत देखा परिरहेको छ । अतः विधिवत स्थापित क्रसर उद्योगलाई उत्पीडित गर्नु भन्दा तोकिएको मापदण्डमा क्रसर उद्योगलाई पर्यावरण अनुकूल ढंगले संचालन गर्न पाउने गरि व्यवस्था गरिनु पर्दछ भन्ने यस संघको आवाज रहदै आएको तथ्य यस गरिमामय सभा समक्ष राख्न चाहन्छु । यस विषयमा पछिल्ला दिनमा आएर नेपाल सरकारका तर्फवाट सकारात्मक कदमहरु उठाइएको समाचारहरु सार्वजनिक हुनुले विद्यमान गतिरोधको शीघ्र अन्त्य हुने आशा पलाएको छ ।

३२) **काठमाडौं बाहिर शेयर दलालहरुको नियुक्ति** : विगतमा काठमाडौं स्थित शेयर मार्केटमा ओपेन क्राई पद्धतिबाट शेयर खरिद बिक्री हुने गरेको थियो । तर हाल आएर इन्टरनेट मार्फत् दलालकै अफिसबाट शेयर खरिदको प्रविधि शुरु भएकोले काठमाडौं बाहिर पनि शेयर ब्रोकरहरु नियुक्त गरेर देश भरिका आम लगानीकर्ताहरुलाई शेयर बजारतिर आकर्षित गर्न सकिने सम्भावना विकसित भएको छ । अतः काठमाडौं बाहिर वीरगंज, विराटनगर र अन्य ठूला शहरमा शेयर ब्रोकरहरुको नियुक्तिको प्रक्रिया अगाडि बढाइनु पर्दछ ।

३३) **उद्योग प्रतिष्ठानहरुमा श्रम समस्या** : विगतका वर्षहरु देखि भोग्दै आएको श्रम समस्या आज पनि उत्तिकै टड्कारो रुपमा कायम रहेको छ । झिना मसिना कुराहरुको लागि पनि उद्योगहरु बन्द, हडताल गर्ने, दुर्व्यवहार, घेराउ लगायतका दबाबमूलक कार्यक्रम गर्ने संस्कृतिको निरन्तरताले एकातिर व्यवसायीहरुले अत्यधिक पीडा खप्नु पर्ने बाध्यता रहेको

छ भने अर्कोतिर औद्योगिक शान्ति खलबलिन पुग्दा उत्पादकत्व, रोजगारी र लगानीमा नकारात्मक प्रभाव परिरहेको छ । यस विषय प्रति कत्तिपनि विलम्व नगरी गम्भीर र संवेदनशील हुन ट्रेड युनियनहरु लगायत सम्वन्धित सवैमा हार्दिक अनुरोध गर्दछु ।

३४) **लगानी मैत्री श्रम नीति :** सरकारले बनाएको श्रम नीति र अनुदार श्रम कानूनको कारणले उद्योगहरुमा प्रायः समस्याहरु देखिने गरेको छ । औद्योगिक क्षेत्रमा दरिलो लगानी मैत्री श्रम नीति र उदार श्रम कानुनको खाँचो रहेको छ । लगानी मैत्री श्रम नीति र कानुनको अभावमा प्रचुर मात्रामा रोजगारी सृजना हुन सकिरहेको छैन । प्रचुर मात्रामा रोजगारी भए बढी रकम ज्यालाको रुपमा श्रमिकहरुले प्राप्त गर्न सम्भव हुन्छ । अतः दृढ राजनीतिक ईच्छा शक्तिका साथ उच्च आर्थिक वृद्धि दर प्राप्त गर्न देशमा तत्काल **लगानी मैत्री श्रम नीति** ल्याउनु अपरिहार्य रहेको छ ।

३५) **विधिको शासन :** दण्डहीनताको मौलाउंदौ संस्कृतिले विधिको शासनलाई दिनानुदिन पराजित गर्दै लगेको छ । कानुनको अवज्ञा गर्ने अघोषित प्रतिस्पर्धाले कारखाना व्यवस्थापन गर्न अत्यन्तै कठिन हुन गएको छ । उद्यमी, व्यापारीहरुको मानमर्दन, अनुचित दबाब सृजना, असुरक्षा र अन्य विविध किसिमका कठिनाईले गर्दा अधिकाशं उद्यमी व्यवसायीहरुलाई आफ्ना उद्योग व्यवसाय स्थल सम्म पुग्न पनि लगभग असम्भव भएको छ । संक्रमणकालको नाममा भईरहेको भीडको शासनले निजी क्षेत्र आक्रान्त हुँदा पनि सरोकारवालाहरुमा गम्भीरता र जिम्मेवारी बोध नहुनु विडम्बनापूर्ण छ । यसर्थ लोकतन्त्रको आधारस्तम्भ मानिएको विधिको शासन कायम गर्न गराउन सरकार, राजनीतिक दलहरु र तिनका भातृ संगठनहरु एवं नागरिक समाज समेत जिम्मेवारी वोधका साथ लागि पर्नुको विकल्प छैन ।

३६) **अनाधिकृत वस्ती विकास :** वीरगंज-पथलैया कोरिडोरको मूल राजमार्गको दुवै तिर अनधिकृत/अव्यस्थित तवरले निरन्तर वस्ती विकास भइरहेको कारणले उद्योगमा विभिन्न किसिमको दबाब सृजना गर्न सहज हुने, सडक दुर्घटना भई रहने र दुर्घटनाबाट चक्काजाम हुने र सोही दुर्घटनाको कारणले उद्योग बन्द हुने/गर्ने आदि जस्ता अवाञ्छनीय क्रियाकलापमा वृद्धि हुन गई उद्योगको नियमित संचालनमा नकारात्मक प्रभाव परिरहेको छ । यस्तो वस्ती विकासको गतिलाई नियन्त्रण नगरी छाडा छोडी दिने हो भने यसले अनेकौ समस्या निम्त्याउने प्रस्ट छ ।

३७) **कम्पनी ऐनमा भएको चर्को जरिवाना :** कम्पनी दर्ता एवं कम्पनीहरुको नियमन कर्ताको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालय रहेको छ । तर उक्त कम्पनी रजिष्ट्रारको कार्यालय

भने काठमाण्डौंमा मात्र रहेको हुँदा प्रा.लि. वा लि. कम्पनी दर्ता गर्नु पर्ने वाध्यता एकातिर छ भने अर्कोतिर देश भरीबाट कम्पनीहरुले कम्पनी ऐन अनुसार आफुहरुले पेश गर्नु पर्ने कागजातहरु समेत उक्त कार्यालयमै पठाउनु पर्ने बाध्यता रहेको छ । तराई लगायत मोफसलवाट पठाइएका कागजातहरु कम्पनी रजिष्ट्रारको कार्यालयमा समयमै पुगेपनि अव्यवस्थित तरिकाले राखिएको कारणबाट त्यस्ता कम्पनीहरुलाई समयमा कागजात नपुगेको भनी जरिवाना लगाउने गरेकोले मोफसलका कम्पनीहरु निकै मर्कामा परेका छन् । अतः एउटा निश्चित समय सीमा तोकेर सो समय भित्र कम्पनी ऐन अनुसार बुझाउनु पर्ने कागजातहरु बुझाएमा जरिवानाबाट उन्मुक्ति दिईयो भने न्यायोचित हुने प्रष्ट छ । यसबाट कम्पनीलाई सम्बन्धित सबै आकडाहरु व्यवस्थित गर्न समेत मदत पुग्ने छ । तसर्थ नेपालको प्रमुख नाका र औद्योगिक व्यापारिक नगरको रुपमा परिचित तराईको मध्य भागमा अवस्थित वीरगंजमा समेत कम्पनी रजिष्ट्रार कार्यालयको शाखा कार्यालय खोल्ने वा अन्य निकायलाई अधिकार प्रत्यायोजन गर्ने व्यवस्था समेत हुनको लागि जोडदार माँग गर्दै आएका छौ ।

३८) **हाई सी सेल्स (समुन्द्रमा माल रहँदै बिक्री) गर्न पाउनुपर्ने :** व्यापारका विविध रुपहरु छन् । नेपाली आयातकर्ताले प्रतित पत्र खोली आयात गरेको सामान समुन्द्र मार्गमा रहँदै अन्य कसैलाई बिक्री गर्न चाहन्छ भने यस प्रकारको हाई सी सेल्सलाई हाम्रो विदेशी मुद्रा तथा प्रतीत-पत्र सम्बन्धी नियमहरुले मान्यता प्रदान गर्नु पर्दछ भन्ने हाम्रो आवाजको सुनुवाइ हुने आशा राखेका छौ ।

३९) **तेस्रो मुलुकबाट बिल्टी (Cash Against Document) अन्तर्गत आयात गर्न पाउने व्यवस्था हुनुपर्नेः** हाल हामी कहाँ प्रतीत-पत्र र टीटी अन्तर्गत मात्र माल निकासी पैठारी गर्ने सुविधा छ । परिवर्त्य विदेशी मुद्रा भुक्तानी गर्ने गरी आयात निर्यात गर्दा प्रतीत पत्रका साथै Cash Against Document को आधारमा आयात गर्न सुविधा दिनुपर्ने वर्तमान समयको आवश्यकता रहेकोले संघ यसका लागि प्रयासरत छ ।

४०) **वाणिज्य विभाग मार्फत् कोलकाता पठाइने सूचना सोझै बैंक मार्फत् पठाउने व्यवस्था :** हाल प्रतीतपत्र खोल्दा वा संशोधन गर्दा सम्बन्धित बैंकले राष्ट्र बैंकमा विवरण पठाउने, नेपाल राष्ट्र बैंकले वाणिज्य विभागलाई पठाउने अनि मात्र वाणिज्य विभागले कोलकाता स्थित नेपाली महावाणिज्य दूतावासलाई पठाउने गरेकोमा सात दिन लाग्ने गरेको हुदा कहिले काहि प्रतीत पत्र सूची समयमा नपुगी भारतमा डिटेन्शन र डेमरेज वापत धेरै रकम तिर्नु पर्ने बाध्यता हुन जान्छ । त्यसका लागि सोझै सम्बन्धित बैंकले कलकत्ता

स्थित दूतावासमा सम्बन्धित कागजात पठाई सोको बोधार्थ नेपाल राष्ट्र बैंक र वाणिज्य विभागलाई दिने व्यवस्था हुन संघले अनुरोध गर्दै आएको छ ।

४१) **टीटी अन्तर्गत आयातको इजाजत जिल्लाबाट दिने व्यवस्था हुनुपर्ने** : TT बाट सामान आयात गर्ने व्यवस्था वाणिज्य विभाग बाट लाइसेन्स लिइ गर्ने व्यवस्था रहेकोले जिल्लाका व्यापारीले उक्त सुविधा उपभोग गर्न नसकेकोमा क्षेत्रिय वाणिज्य कार्यालयलाई उक्त अधिकार प्रत्यायोजन गर्नु पर्ने नितान्त आवश्यक देखिएको छ ।

४२) **कोलकाता बन्दरगाहमा अव्यवस्थाको कारण नेपाली पैठारीले चर्को डेमरेज तिर्नुपर्ने अवस्था** : कोलकाता अहिले विश्वकै सर्वाधिक खराब प्रबन्धन भएको बन्दरगाहमा हुने गरेको कन्जेशन (जाम) को कारण नेपाली पैठारीकर्ताहरुले चर्को समुन्द्री भाडा र डेमरेज तिर्नु परिरहेको छ । यस स्थितिको अन्त्यको लागि भारतीय पक्षसँग आर्थिक कुटनीतिको सहायताबाट नेपालको लागि विशेष सहुलियत लिएर समस्या समाधानको प्रयास गरिनु पर्दछ र नेपाल ट्रान्सपोर्ट र वेयर हाउसिङ्ग कम्पनी र निजी क्षेत्रको संयुक्त प्रयासबाट कलकत्ता पोर्ट क्षेत्रमा जग्गा लिजमा लिई नेपाली कन्टेनरको आवत जावत व्यवस्थित बनाइनु पर्दछ भन्ने संघको धारणा अवगत गराउन चाहन्छु ।

४३) **सिर्सिया सुख्खा बन्दरगाहको भौतिक पूर्वाधार विकास** : सिर्सिया सुख्खा बन्दरगाहको डिजाइन एवं निर्माण कोलकाता बन्दरगाहबाट कन्टेनर ल्याउने किसिमबाट मात्रै भएको थियो । तर हालको आवश्यकता अनुसार यस बन्दरगाहले भारत-नेपाल बीच फ्लेट वैगन कार्गो (फलाम आदिको लागि), कभर्ड वैगन (सिमेन्ट आदिको लागि) र ओपेन वैगन (क्लिंकर आदि) बाट ढुवानीको लागि पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता देखिएको छ । यस मध्ये ओपेन वैगनको स्वीकृति र आवत जावत अझै शुरु हुन सकेको छैन । जसको लागि संघ प्रयासरत रहेको छ । साथै बढि रहेको परिमाण र वैगनको ह्याण्डलिङ्गको लागि भौतिक पूर्वाधारहरुमा आवश्यक सुधारको लागि नेपाल इन्टरमोडल यातायात विकास समिति एवं अन्य सम्बद्ध निकायसँग वीउवासंघ अनुरोध गर्दछ ।

४४) **चोरी, टुटफुटको खर्च मिन्हा हुनुपर्ने** : व्यापारको सिलसिलामा चोरी, टुटफुट, लिकेज, ब्रेकेज र डुबन्त हुनु स्वभाविक कुरा हो । तर मु.अ.कर र आयकरमा यस्ता खर्चहरुलाई मिन्हा दिने प्रावधान नरहेकोले यसबाट करदाताहरुलाई वास्तविक लेखा राख्न कठिनाई भइरहेको छ । अतः प्रमाणको आधारमा यस्ता खर्चहरुलाई मिन्हा दिने स्पष्ट व्यवस्था हुनु पर्दछ भन्ने हाम्रो मागको शीघ्र सुनुवाइ हुने आशामा रहेका छौ ।

४५) **मु.अ.कर नलाग्ने वस्तुहरुको स्पष्ट सूची हुनुपर्ने :** मु.अ.कर ऐनको अनूसूचीमा कर नलाग्ने वस्तु तथा सेवाहरुको सूची राखिएको छ । तथापि कर नलाग्ने वस्तुहरु सम्बन्धमा द्विविधा उत्पन्न हुँदै आएको हुँदा यस्ता वस्तु तथा सेवाहरुको वर्गीकरण भंसार महशुल दरबन्दी जस्तै कर छुट तथा कर लाग्ने स्पष्ट रुपमा किटानी व्यवस्था हुनु आवश्यक छ ।

४६) **करदाता कानूनी उपचारको प्रक्रियामा रहँदा सो अवधिको थप ब्याज शुल्क नलाग्नु पर्ने:** राजस्व सम्बन्धी मुद्दाको किनारा लगाउन न्यायाधिकरण अथवा अदालतबाट नै विभिन्न कारणले ढिलाई भई रहने हुँदा सो अवधिको थप ब्याज तथा जरिवाना व्यापारीबाट असुल गरिनु न्यायोचित हुँदैन भन्ने संघको धारणा रहेको छ । तसर्थ कानूनी उपचारको प्रक्रियामा रहेको अवधिको थप ब्याज शुल्क लाग्नु हुँदैन ।

४७) **करदाताले वर्षौं पहिले दाखिला गरि सकेको रकमहरु समेत बक्यौता देखाएको सम्बन्धमा :** देशको विभिन्न आन्तरिक राजस्व कार्यालयहरुमा पुरानो बक्यौता भनेर विभिन्न रकमहरु विभिन्न शीर्षकमा देखाइएको छ । जबकि सो सम्बन्धमा कर कार्यालयसँग कुनै प्रमाण छैन । टिपोटको भरमा देखाइएका एउटा निश्चित समयावधि पूर्वका बक्यौताहरुलाई अपलेखन (राईट अफ) गरिनु पर्दछ ।

४८) **चन्दा चिठ्ठालाई खर्चको रुपमा मान्यता :** व्यवसायीले आफ्नो व्यवसाय संचालन गर्न अहिले देशमा विभिन्न नामबाट खुलेका सामाजिक र राजनीतिक संगठनहरुलाई चन्दा दिनैपर्ने विचित्रको संस्कृतिका माझवाट निजी क्षेत्र गुज्रिरहेको छ । यस्ता चन्दा अवाञ्छनीय भए पनि चन्दा नदिइकन कुनै पनि व्यापारीले व्यापार संचालन गर्न नसक्ने कटु सत्य हो । अतः सामाजिक तथा राजनितिक चन्दाहरुलाई खर्चको रुपमा मान्यता दिइनु पर्दछ ।

४९) **वीरगंज भंसारको संचालन :** विश्वभरी नै भंसार अधिकृतहरुको काम माल जाँच पास गर्नु र राजश्व संकलन गर्नु रहेको छ । तर हाल सम्म वीरगंज भंसारको टर्मीनल हयाण्डलिङ्गको काम भंसार कार्यालयले नै गर्दै आएको छ । सही ढंगले यार्ड व्यवस्थापन हुन नसक्नु, र सरसफाई नहुनुको कारणले माल जाँच पास समेत प्रभावित भई रहेको छ । अतः वीरगंज भंसारको यार्ड (ट्रर्मिनल) व्यवस्थापनको जिम्मा निजी क्षेत्रको कुनै कम्पनीलाई दिन सकिने संभावना उपर विचार हुन आवश्यक देखिएको छ ।

५०) **भंसार मूल्याकंन सम्बन्धी जटिलता :** मु.अ.कर र पोष्ट क्लियरिङ्ग अडिट लागु गरीए पश्चात पैठारीकर्ताले पेश गरेको बिजक मूल्यलाई मान्यता दिइने विश्वास निजी क्षेत्रलाई

थियो । अन्तराष्ट्रिय बजारमा वस्तुहरुको मूल्य थप-घट भई रहने भएकोले बिजक मूल्यहरुमा पनि थप-घट हुन स्वभाविक नै हो । तर अहिले पनि अभिलेख मूल्यलाई आधार बनाएर पैठारीकर्ताको बिजक मुल्यलाई अमान्य गर्ने प्रचलन कायमै रहेको देखिन्छ । अतः बिजक मूल्यमा शंका लागेमा १०% थप गरी भंसारले माल खरीद गर्नु पर्ने, अन्यथा प्रतीत पत्र मार्फत पैठारी भएको सामानको बिजक मूल्यलाई मान्यता दिइनु पर्ने माँग यस अवसरमा पुनः राख्न चाहन्छौं ।

५१) **भंसार क्षेत्र सम्म आउँदा हुने टुट-फुट, लिकेज, चोरी सम्बन्धमा** : भन्सार चेक जाँच गर्दा पैठारी भई आउने माल सामानमा टुटफुट भई वजन कम भएमा भन्सार कार्यालयबाट सो को सर्टेज र क्षति प्रमाणपत्र दिने व्यवस्था गरिनु पर्दछ । साथै कोलकाता पोर्टले सीटीडीमा उल्लेख गरेको शर्टेजलाई मान्यता दिएर सोमा कर-शुल्क असूल नगर्ने प्रकृया सुनिश्चित गरिनु पर्दछ भन्ने निजी क्षेत्रको आवाज हो ।

५२) **भाडा र बीमा खर्च** : पैठारीकर्ताले घोषणा गरेको भाडा र बीमा खर्चलाई भंसार प्रयोजनका लागि मान्यता दिइनु पर्ने विषयमा पनि निजी क्षेत्रको सरोकार रहेको छ ।

५३) **भंसार जाँच पास प्रकृयालाई तत्वरित बनाईनु पर्ने र रात्रि शिफ्टको पनि व्यवस्था हुनु पर्ने** : हाल वीरगंज लगायतका भंसारहरुमा एकै पटक प्रज्ञापन-पत्र संकलन गरेर बैच प्रोसेसबाट सामान जाँचपास गर्ने परिपाटी रहेको छ । बढी रहेको आयात निर्यात परिमाणलाई ध्यानमा राख्दै निरंतर प्रकृयाबाट माल जाँचपास गर्ने परिपाटी बसाल्नु पर्ने हुन्छ । साथै वीरगंज लगायत व्यस्त भंसार कार्यालयहरुमा ओभरटाईम शुल्क लिएर रात्रीको समयमा पनि माल जाँच पास गर्ने प्रकृया सुनिश्चित गर्न सकिएमा आयात निर्यात थप सहज हुने प्रस्ट छ ।

५४) **आयातित सामानहरुको आन्तरिक ओसार पोसारमा समस्या** : आयातित सामानहरुको आन्तरिक ओसार पोसारमा असम्बद्ध र अनधिकृत निकायहरुले विभिन्न तरिकाले कुनियतवश सामान रोकेर प्रताडित गर्ने गरेको अवगत नै छ । यसबाट स्वच्छ काम गर्ने व्यवसायीहरु हतोत्साहित भई रहेका छन् । अतः असम्बद्ध निकायबाट आन्तरिक ओसार पोसारमा हुने हस्तक्षेपलाई अन्त्य गरिनु पर्ने उत्तिकै खाचो छ ।

५५) **तस्करी नियंत्रणको लागि महशुल सामायोजन गर्नुपर्ने आवश्यकता** : देशको संक्रमणकालिन अवस्थाको कारण तस्करी नियंन्त्रणका लागि सीमा क्षेत्रमा गरिनु पर्ने सघन गस्ती हुन नसकिरहेको र पूर्ण प्रभावकारी समेत नभईरहेको तथ्य महसुस भइरहेको छ ।

अतः हाल तस्करीबाट आपूर्ति भई रहेका वस्तुहरुका सम्बन्धमा शोध/अध्ययन गरेर त्यस्ता वस्तुहरुको भंसार दर घटाएर भए पनि राजश्व बढाउने उपायहरु अवलम्बन गरी तस्करी नियंन्त्रणको लागि सीमा क्षेत्रमा अझ व्यापक गस्तीको प्रबन्ध समेत गरिनु आवश्यक देखिएको छ ।

५६) **नेपालमा रहेका पुराना मिल मेशिन भारत निकासी** : नेपालमा कतिपय उद्योगहरु विभिन्न परिस्थितिवश रुग्ण हुन पुगेका छन् । यस्ता उद्योगहरुको मिल मेशिनमा निजी क्षेत्रको ठूलो लगानी फंसीरहेको छ । अतः बन्द रहेका मिलहरुको विभिन्न ठाउँबाट आयातित मेशीनहरुलाई सरलतापूर्वक भारत र अन्य मुलुकमा निकासी गर्न पाउने प्रकृया सुनिश्चित गर्न अनुरोध गर्दछौं ।

५७) **देशमा उत्पादन नहुने वस्तु पैठारी हुँदा समिकारक महशुल असुल गर्न नहुने** : कुनै वस्तु अन्तःशुल्क दरबन्दीमा उल्लेख भएता पनि यदि त्यस्ता वस्तु देश भित्र उत्पादन भई रहेको छैन भने त्यस वस्तुमा सर्वमान्य सिद्धान्त अनुसार समिकारक महशुल असुल नगर्नु पर्ने हो । तथापि कतिपय त्यस्ता वस्तुमा समिकारक महशुल असुल भई रहेको हुँदा सो असुल गर्न नहुने प्रावधान स्पष्ट रुपले भंसार दरबन्दीमा उल्लेख गरिनु पर्ने यस संघको धारणा छ ।

५८) **रेल सेवा सुविधा सम्बन्धमा** : नेपालमा भारतबाट पैठारी हुने गर्‍हौं सामानहरु रक्सौल स्थित भारतीय गोदाम मार्फत् पैठारी हुने गरेको छ । उक्त रेल गोदामको भौतिक पूर्वाधारमा कुनै विकास भएको छैन । जबकि आयात हुने परिमाण दशौं दोब्बर बढ्न गएको छ । यस कारण ढुवानीमा कठिनाई भई रहेको र बेला बखत अनावश्यक बिलम्ब शुल्क तिर्नु परिरहेको अवस्था छ । अतः समस्या निराकरणको लागि रक्सौल माल गोदामको भौतिक पूर्वाधार विकास मसिनाडिहमा नयाँ माल गोदामको स्थापना, रक्सौल स्थित रेल्वे क्रसिंगमा आकाशेपुलको निर्माणको लागि भारतीय रेल बोर्ड समक्ष संघले आग्रह गर्दै आएको छ । साथै भारतका मेट्रो शहरहरु तथा प्रमुख तीर्थ स्थलहरुलाई रक्सौलबाट जोड्ने गरी सुपरफास्ट ट्रेनहरु चलाउन पनि अनुरोध गर्दै आएका छौं ।

५९) **भा.रु. सटही सम्बन्धमा** : वर्तमान समयमा उद्यमी व्यापारीहरुलाई बैंकबाट भा.रु. रकम सटही गर्न अत्यन्तै कठिनाईको सामना गरि रहनु परेको छ । निर्यातका लागि सामान बाहिर पठाउँदा एवं आयात गरी आएका सामानहरु ढुवानी गर्ने ट्रकहरुलाई भाडाको रकम भा.रु. मैं तिर्नुपर्ने अवस्था रहेको तर बैंकबाट भा.रु. प्राप्त गर्न असजिलो रहेकोले आयात निर्यात कार्य प्रभावित हुन पुगेको छ । भा.रु. रकमको सहज उपलब्धिका लागि सम्बद्ध निकायहरुले यथाशीघ्र पहल गरी समस्या समाधान गर्नुपर्ने आवश्यक रहेको छ ।

६०) **ब्याज दर** : उद्योग व्यवसायहरु वर्तमान आर्थिक मन्दीको चपेटामा रहेको कारण तरलताको अभाव हुन गएको छ । वर्तमान अवस्थामा बैंक आदि वित्तीय संस्थाहरुबाट ऋण लिन खोज्दा दिनहुँ बढि रहेको ब्याज दरको कारणले व्यावसायिक क्षेत्रमा कठिन स्थिति उत्पन्न हुन गएको तर्फ ध्यानाकर्षण गराउन चाहन्छौं ।

६१) **उद्योगमा लगानी** : देशमा व्याप्त विभिन्न समस्याहरुले गर्दा लगानी मैत्री वातावरण नरहेको कुरा सबैको सामु प्रष्ट नै छ । उद्योगहरुमा प्रायः हुने गरेको बन्द हड्ताल एवं श्रम समस्याको कारणले लगानी कुण्ठित हुन जानुको साथै बाह्य लगानीलाई आकर्षित गर्न नसकिने अवस्था देखिएको छ । यसका लागि सरकारबाट समयमैं पहल भएन भने बेरोजगारी बढ्ने, देशको शान्ति व्यवस्था खल्बलिने र देशको आर्थिक अवस्था जर्जर हुन जाने देखिएकोले सरकारले लगानी मैत्री वातावरण सृजनाका लागि दृढताका साथ आवश्यक ऐन नियमहरु तर्जुमा गरि लागू गर्नु पर्ने देखिन्छ ।

६२) **कोयलामा आधारित तापघर (Coal Fired Thermal Power Station)** : सरकारले घोषणा गरेको विद्युत् सम्बन्धी नीतिहरुमा निरन्तरताको अभावको कारण यस क्षेत्रमा लगानी वृद्धि भई ऊर्जा संकट घट्ने सम्भावना न्यून रहेको छ । २०६५/०६६ को बजेटमा औद्योगिक कोरिडोरमा विद्युत् कटौतीको अन्त्य गरिने र निरन्तर विद्युत् आपूर्ति सुनिश्चित गर्न वीरगंजको सुख्खा बन्दरगाह नजिक सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत थर्मल प्लान्ट स्थापना गर्न पहल गर्ने उल्लेख रहेकोमा २०६६/०६७ को बजेटमा यसलाई निरन्तरता दिन नसकिएबाट विद्युत् समस्याका लागि स्थायी रुपले कुनै समाधान पहिल्याउन असजिलो देखिन्छ । वीरगंजमा **कोइलामा आधारित तापघर** स्थापना गर्न सरकारले आवश्यक पूर्वाधार खडा गर्न अत्यन्तै आवश्यक रहेको छ । यस परियोजनाको लागि निजी क्षेत्रको सहभागिता सम्भव भएतापनि आवश्यक पि.पि.ए. (Power Purchase Agreement) को मस्यौदा तयार गर्ने तर्फ आवश्यक पहल हुनु पर्ने यस संघको धारणा छ ।

६३) **डिमाण्ड चार्ज मिन्हा** : विद्युत् आपूर्तिमा निरन्तरताको अभाव भई लोडसेडिङ्ग सालैभरि रही नै रहने भएकोले डिमाण्ड चार्ज पूर्णतः मिन्हा गर्नुपर्ने अथवा विद्युत् आपूर्ति (Supply) नगरेको अवधिको अनुपातमा छुट दिनुपर्ने स्थायी प्रावधान हुन आवश्यक रहेको छ ।

६४) **विद्युत् आपूर्ति** : अनियमित विद्युत् आपूर्ति र गुणस्तरहीन विद्युत् आपूर्ति (कहिले कम भोल्टेज कहिले बढी भोल्टेज) को कारणले मेशिनहरुमा समस्या उत्पन्न भई मेशिनहरु खराब हुने र गुणस्तरहीन उत्पादन हुने समस्या रहनुको साथै विद्युत्को विकल्प महँगो

भएकोले प्रतिस्पर्धी वस्तु उत्पादन हुन नसक्ने भएको छ । यस सन्दर्भमा निम्न बुदाहरु तर्फ उपस्थित महानुभावहरुको ध्यानाकर्षण गर्न चाहन्छु ।

१) अहिलेको Existing Power Grid हरुमा ट्रान्सफर्मरको क्षमताको पूर्ण उपयोग (Saturated) भई सकेकोले दिनानुदिन बढ्दै गइरहेको विद्युत्को मांग र आपूर्तिलाई धान्न सकिने नदेखिएको सन्दर्भमा भविष्यको आवश्यकतालाई दृष्टिगत गरी अहिले नै त्यसको क्षमता बढाउन आवश्यक रहेको देखिन्छ ।

२) वीरगंज वितरण केन्द्रमा हाल प्रयोगमा रहेका केही Feeder हरु पूर्णतः Loaded भई सकेकोले आउँदा दिनहरुमा विद्युत्को आवश्यकतालाई पूरा गर्न नसकिने हुँदा नयाँ Feeder हरु थप्नुपर्ने पर्ने खाँचो टडकारो रुपमा रहेको छ ।

३) हेटौडा नारायणघाटमा सिंगल सर्किट (Single Circuit) को व्यवस्था रहेकोमा उक्त लाईनलाई डबल सर्किट Double Circuit व्यवस्था गरिदिएमा विद्युत् आपूर्तिमा सहजता आउन सक्ने देखिन्छ ।

४) वीरगंज-पथलैया औद्योगिक कोरिडोरमा आपूर्ति हुने विद्युत्को भोल्टेज फ्लेक्चुएशन (Voltage Fluctuation) को कारण मेशिनहरु दिनहुँ बिग्रने गरेको हुँदा उत्पादन गुणस्तरहीन हुन गई उद्योगहरुले नोक्सानी व्यहोर्नु परिरहेको छ ।

५) विद्युत् आपूर्तिमा निरन्तरताको अभाव रहेको कारण उद्योग संचालनको लागि तालिका निर्धारण गर्न कठिन हुनका साथै अनावश्यक ज्याला मजदूरी तिर्नु पर्ने र बैंकको ब्याज लाग्ने जस्ता समस्याले उद्योगहरुलाई ठूलो कठिनाईको सामना गर्नुपर्ने भइरहेको छ । उद्योगहरुको लागि छुट्टै Feeder हरु भएकोले तालिकाबद्ध तरिकाले विद्युत् आपूर्तिको व्यवस्था गर्नुपर्ने टडकारो आवश्यकता छ । कुनै कारणबश लोडसेडिङ्गको अवस्था सृजना भएमा न्यूनतम अवधिका लागि सप्ताहमा एकै पटक लोडसेडिङ्ग हुन उपयुक्त देखिन्छ ।

६) उद्योगहरुसँग रहेको Captive Generation Plant लाई संचालनमा ल्याई विद्युत् आपूर्ति गरेको बखत उक्त Generation Plant मा खपत हुने Diesel लाई सहुलियत दरमा उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ । मन्त्रिपरिषद्बाट पहिले पनि निर्णय भएको तर कार्यान्वयन नभएको अवस्था छ ।

७) विद्युत्को अधिकतम सदुपयोगको दृष्टिकोणले Power Factor 0.9 को हाराहारीमा रहनु पर्नेमा उद्योगहरुमा आपूर्ति हुने विद्युत्को औसत Power Factor 0.7 रहेको देखिन्छ । उक्त Power Factor लाई स्तरीकृत (Improve) गर्न उपभोक्तालाई Capacitor Bank लगाउन प्रोत्साहित गर्न उपभोग गरेको विद्युतीय युनिटमा आर्थिक प्रोत्साहन (Incentive) दिन आवश्यक रहेको छ । यसबाट ऊर्जा संरक्षण हुने भई विद्युत्को गुणस्तरीय आपूर्ति सुनिश्चित हुन सक्ने देखिन्छ ।

८) वीरगंजमा शान्ति सुरक्षाको बिग्रदो अवस्थाको कारण वीरगंज उप-महानगरपालिकालाई लोडसेडिङ्ग मुक्त क्षेत्र (Load Shedding Free Zone) बनाउन पर्ने आवश्यक रहेको छ । विगतमा लोडसेडिङ्गको अवधिको फाइदा उठाई यस अवधिमा अपराधिक क्रियाकलाप हुने थुप्रै दृष्टान्तहरु छन् ।

९) उपभोक्ताहरुको हकहित संरक्षणको दृष्टिकोणले विद्युत्का नियम उपनियमहरु उपभोक्तामुखी (Consumer Oriented) नभएकोले उपभोक्ताका समस्याहरुलाई सम्बोधन गर्ने गरी विद्युत्का नियम उपनियमहरुमा समसामयिक सुधार गर्न आवश्यक रहेको र यसका लागि विभिन्न जिल्लाहरुमा Redressal Cell बनाउन आवश्यक देखिन्छ ।

१०) वीरगंजदेखि रक्सौलसम्म वर्तमान विद्युत् वितरण लाईनबाट भारततर्फ १० MVA विद्युत् निकासीको लागि संरचना तयार गरिएको भएपनि अहिले रक्सौलमा १३२ KV लाईन आई सकेको हुनाले परवानीपुर रक्सौल प्रशासन लाईनको संरचना निर्माण गर्न आवश्यक रहेको छ । वीरगंज क्षेत्रमा थप आपूर्ति चाहिएको खण्डमा उक्त १३२ KV बाट भारतबाट विद्युत् खरिद गरि वीरगंज पथलैया कोरिडोरमा सहजै विद्युत् आपूर्ति हुन सक्ने र नेपालमा विद्युत् बढी भएको बखत भारतमा उक्त लाईनबाट विद्युत् निकासी हुन सहज देखिन्छ ।

११) वीरगंज ६६।३३।११ के.भी. सब स्टेशन देखि रक्सौल ३३ के.भी. सब स्टेशन सम्म वर्तमान ३३ के.भी. विद्युत् वितरण लाईनबाट भारततर्फ १० MVA विद्युत् निकासीको लागि हाल संरचना तयार छ । अहिले रक्सौलमा १३२।३३ के.भी. ४० MVA क्षमताको सब स्टेशन निर्माण भई रहेकोले निकट भविष्यमा रक्सौलबाट कम से कम १० MVA परिमाणको विद्युत् आयात गर्न सकिने भएको हुनाले सो सम्बन्धमा गृहकार्य गरी भारत सरकारसँग अविलम्ब पहल गर्न आवश्यक रहेको छ । सो बाहेक थप एक सर्किट ३३ के.भी. प्रशारण लाइन रक्सौल देखि वीरगंज सम्म

भारत सरकारको सहयोगमा क्रस बर्डर प्रशारण लाईन बन्नको लागि प्रस्ताव हुन आवश्यक रहेको छ । यसबाट २० MVA विद्युत् शक्ति तत्काल आयात गरि वीरगंज क्षेत्रमा थप विद्युत आपूर्ति गर्न सकिन्छ ।

१२) परवानीपुर सब स्टेशन अन्तर्गत औद्योगिक फिडरमा मात्र सप्लाई हुने गरि परवानीपुर सब स्टेशनमा निजी क्षेत्रसँग PPA गरि अस्थायी डिजल वा मल्टिफ्युल जेनरेटर जडान भई सहुलियत दरमा सो बिजुली उपलब्ध भएमा हाल उद्योगहरुमा जेनरेटर संचालन गर्न–सुविधा हुने देखिन्छ । यसका लागि सुहलियत दरको डिजल उपलब्ध गराउनु पर्ने माग संघको रहेको छ । यसबाट दुवै पक्षलाइ नोक्सान नहुने तवरबाट उर्जा संकट यस क्षेत्रमा न्युनीकरण हुन सक्ने देखिएको छ ।

१३. वितरण लाइन मर्मत संभार तथा नयां निर्माणका कार्यहरु दिनमा मात्र हुने र रात्रिको समयमा लोडसेडिग भइदिनाले ग्राहकहरु दोहोरो मारमा परिरहेका छन ।

१४. वीरगंज कोरिडरको औद्योगिक फिडरहरुमा लोडसेडिगं गरि गर्न पर्ने विद्युत् कटौतीको परिमाण MVA र MWHr निर्धारण भएमा स्थानीय विद्युत्का कार्यालयहरु, क्षेत्रीय कार्यालयहरु र यस संघ बीचमा छलफल गरि उत्तम एवं उद्योग सापेक्ष तालिका स्थानीय तवरबाट नै भार प्रेषण केन्द्रलाई प्रस्ताव गर्न सकिने भएकोले यसको निम्ती आवश्यक गृहकार्य हुनु पर्ने देखिएको छ । तालिका परिवर्तन अगावै केहि सल्लाह लिने परिपाटी भएमा उद्योगीहरुको मर्कामा राहत पुग्ने देखिएको छ ।

अन्तमा, अनेक जटिलता, विषमता र राजनैतिक गत्यावरोधका बावजुद विमतिहरुको बिचबाट सहमती खोज्दै जारी शान्ति प्रक्रिया सार्थक निष्कर्षमा पुग्ने र निर्धारित मितिमै सार्वभौम नेपाली जनताको लोकतान्त्रिक भावना प्रतिबिम्बित हुने नयाँ संविधान निर्धारित मिति भित्रै निर्माण हुने विश्वासका साथ उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः स्वागत अभिवादन गर्दै आफ्नो मन्तव्यलाई विराम दिन चाहन्छु ।

धन्यवाद